# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नवनियुक्त डेपुटी गभर्नरद्वय श्री गोपाल प्रसाद काफ्ले तथा श्री महा प्रसाद अधिकारीको सम्मानमा नेपाल राष्ट्र बैंकले २०६७ पुस १४ गते एक स्वागत कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रममा गभर्नर डा. युव राज खतिवडाले नवनियुक्त डेपुटी गभर्नरद्वयलाई फुलमाला पहिर्‍याई स्वागत गर्नुभयो ।



कार्यक्रममा मन्तव्य व्यक्त गर्दै गभर्नर डा. खतिवडाले केन्द्रीय बैंकले योग्य र अनुभवी डेपुटी गभर्नर पाएको बताउनुभयो ।

देशमा बैंक तथा वित्तीय संस्थाहरु स्थापना हुने क्रम बढे पनि ग्रामीण र दुर्गम क्षेत्रका जनताले हालसम्म पनि बैंकिङ सेवा पाउन नसक्नु प्रमुख चुनौती भएको चर्चा गर्दै गभर्नर डा. खतिवडाले देशका सबै क्षेत्रमा वित्तीय सेवाको पहुँच वृद्धि गर्न नवनियुक्त डेपुटी गभर्नरद्वयको भूमिका उल्लेखनीय हुने अपेक्षा व्यक्त गर्नुभयो ।

पछिल्लो आर्थिक परिसूचकहरूले देशमा मौद्रिक संकुचन देखिएको, बजेटको कार्यान्वयन ढिलाई हुँदा शोधनान्तर स्थिति ऋणात्मक रहेको र निर्यात बढ्दो क्रममा रहेको उल्लेख गर्दै गभर्नर डा. खतिवडाले वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई परिमार्जित रुपमा अगाडि बढाउनु आवश्यक रहेको बताउनुभयो ।

बैंकले उपलब्ध गराएको सेवा सुविधा अनुरुप बैंक कर्मचारीको उत्पादकत्वमा वृद्धि हुनुपर्ने धारणा राख्दै गभर्नर डा. खतिवडाले प्रत्येक कर्मचारीले आफ्नो स्वमूल्याङ्कन गर्ने बेला आएको विचार व्यक्त गर्नुभयो ।

कायक्रममा नवनियुक्त डेपुटी गभर्नर श्री गोपाल प्रसाद काफ्लेले नेपाल राष्ट्र बैंक सामू चुनौतीका साथै थुप्रै अवसर पनि विद्यमान रहेको चर्चा गर्दै आयात निर्यात बिचको अन्तरलाई घटाउँदै विदेशी विनिमय सञ्चितिको मात्रा मजबुत पार्दै लैजानु आवश्यक रहेको बताउनुभयो । केन्द्रीय बैंकको गरिमा वृद्धिका लागि बैंक परिवार एकजुट भई समन्वय र सद्भावका साथ अघि बढ्नु पर्ने उहाँले बताउनुभयो ।

त्यसै गरी नवनियुक्त डेपुटी गभर्नर श्री महा प्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकले अपनाउँदै आएको मौद्रिक तथा वित्तीय संरचना दरो एवम् मजबुत रहेको उल्लेख गर्दै हाल देशमा देखिएका मौद्रिक तथा वित्तीय समस्या समाधान गर्न केन्द्रीय बैंक सक्षम रहेको बताउनुभयो । केन्द्रीय बैंकको भूमिका जुनसुकै अवस्थामा पनि चुनौतीपूर्ण हुने उहाँले बताउनुभयो ।

कार्यक्रममा गभर्नरको कार्यालयका निमित्त कार्यकारी निर्देशक श्री शम्भु थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभयो भने निर्देशक डा. विनोद आत्रेयले धन्यवाद मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रममा बैंकभित्रका कर्मचारी युनियनका प्रतिनिधिहरु श्री वसन्तराज पाण्डे, श्री सञ्जय मिश्र र श्री तीर्थराज सिलवालले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा उपस्थित बैंकका विभागीय प्रमुखहरु, वरिष्ठ अधिकृत तथा कर्मचारीहरुले नवनियुक्त डेपुटी गभर्नरद्वयलाई पुष्प गुच्छाले स्वागत गर्दै बधाई दिनुभएको थियो ।

मितिः २०६७ पुस १४ गते

गभर्नरको कार्यालय